# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद महाशाखा)
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

पत्र संख्या : ०७८/०७९
च.नं. : ४६९९

मिति : २०७८।१०।२८

श्री सबै विद्यालयहरु,
जीतपुरसिमरा उपमहानगरपालिका, बारा ।

**उविषय : विद्यालय संचालन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा देशव्यापी रुपमा फैलिएको कोभिड १९ ( ओमिक्रोन भेरिएन्ट ) को तेस्रो लहरका कारणले यस उपमहानगरपालिका अन्तर्गत सम्पूर्ण विद्यालयहरु २०७८।०९।२७ गते देखि २०७८।१०।१५ गते सम्म बन्द रहेको, तत् पश्चात् मिति २०७८।१०।१६ देखि २०७८।१०।२० सम्म १२ देखि १७ वर्ष उमेर समूहका सम्पूर्ण विद्यार्थीहरुलाई लक्षित गरी कोभिड १९ विरुद्धको खोप अभियान संचालन गर्न विद्यालय खुला गरिएको भए तापनि भौतिक उपस्थितीमा विद्यार्थीको पठन पाठन बन्द रहेकोमा हाल यस पालिकामा कोभिड १९ को संक्रमण नदेखिएको र वातावरण सामान्य रहेको पाइएकोले नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षाको सम्पूर्ण मापदण्डको पूर्ण रुपमा परिपालिना गर्ने व्यवस्था मिलाई मिति २०७८।११।०१ गते देखि भौतिक उपस्थितीमा विद्यार्थीको पठन पाठन संचालन गर्न हुन अनुरोध छ ।

२०७८/१०/२८
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री शिक्षा विकास तथा समन्वय इकाई, कलैया, बारा ।
श्री नगरप्रमुख ज्यू, जीतपुरसिमरा उपमहानगरपालिका, बारा ।
श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू , जीतपुरसिमरा उपमहानगरपालिका, बारा ।
श्री सुचना तथा संचार प्रविधि शाखा, यो सूचना कार्यालयको वेव साइटमा अपलोड गरि दिन हुन ।

Scanned with CamScanner